PAN 300847884

Regd No. 1075/064/065

# रिडी पावर कम्पनी लिमिटेड

# Ridi Power Company Limited

5th Floor, Trade Tower, Thapathali, Kathmandu

Ref. No.: 2081/82 — 78

२०८१/०७/१२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय :- शेयर दर्ता किताब बन्द (**Book Close**) हुने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०७/१२ गते सोमबार दिनको ३:३० बजे बसेको बैठक संख्या (२२-११) ले कम्पनीको २३औं साधारण सभा २०८१ साल मंसिर ०७ गते शुक्रबार गर्ने र २३औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०७/२९ गते (एक दिन) शेयरधनी दाखिल खारेज बन्द गरिने व्यहोरा जानकारी गरउँदछु साथै आ. व. २०८०/८१ मा कम्पनीले शेयरधनिहरलाई लाभांश वितरण नगर्ने निर्णय गरियो ।

भवदीय

..................

(सन्तोष अधिकारी)

प्रबन्ध सञ्चालक

बोधार्थ :

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री बिद्युत नियमन आयोग, सानोगैचरन, काठमाडौं ।

श्री सिडीएस एण्ड क्यिरिङ्ग, पुतलिसडक, काठमाडौं ।

# रिडी पावर कम्पनी लिमिटेड

का.म.न.पा. वडा नं.११, थापाथली काठमाडौं
कम्पनी दर्ता नं. १०७५/०६५/०६६
फोन नं. ०१-५१११०१५, ईमेलः ridipower@gmail.com
Website: www.ridipower.com.np

## २३औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०७/१३ गते**

यस कम्पनीको मिति २०८१/०७/१२ गते सोमबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको कम्पनीको २३औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायक विषयहरुमा छलफल गर्न बस्ने हुँदा सबै शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय तथा स्थानः**

**मिति : २०८१/०८/०७ गते (2024-11-22)**

**समय : बिहान ११:०० बजे देखि ।**

**स्थान : होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं (Hotel Crystal Pashupati, Gaushala, Kathmadu)**

### २३औं वार्षिक साधारण सभाका लागि प्रस्तावित एजेण्डाहरु

**(क) सामान्य प्रस्ताव**

१) आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३१, २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ का लागि बाह्य लेखा परीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) इवाखोला जलविद्युत आयोजनाको मर्मतको लागि लिइएको अल्पकालिन ऋण अनुमोदन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव**

१) यस कम्पनीको स्वामित्व रहेको साझापावर कम्पनी लिमिटेडको कुल प्रस्तावित पुँजीको ५५ प्रतिशतका दरले हकप्रदबाट प्राप्त रु. ७७,४४,५०,६०० लगानी स्वकिृति गर्ने सम्बन्धमा ।

२) कम्पनीको नियमकारी निकाय बिद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक ससोधन आवश्यक भएमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३) कम्पनीको गाडी, स्काप लगायत अन्य शेयर सम्पत्तिहरु बिक्री गर्नुपरेमा कम्पनीको सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

४) सञ्चालकको नियुक्ति अनुमोदन सम्बन्धमा ।

**(ग) विविध**

### साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट हुने किसिमको फोटो सहीतको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सभाहलबाट प्राप्त गर्न सकिनेछ ।

२) साधारणसभाको प्रयोजनका लागि २०८१ साल कार्तिक २९ गते (एक दिन) शेयरको दर्ता किताब बन्द रहनेछ । २०८१ कार्तिक २९ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई, कायम रहेका शेयरधनीहरु मात्र यस कम्पनीको साधारण सभामा भाग लिन योग्य हुनेछन ।

३) शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला गरिनेछ ।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) दिई नियुक्त गर्नुपर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सकिनेछ । कुनै सगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता सगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरुमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

७) २३औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, पाचौं तल्ला, ट्रेड टावर, थापाथली, काठमाडौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.ridipower.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**रिडी पावर कम्पनी लिमिटेड**

Ridi Power Company Limited Estd. 2000

नोट: यो सुचना मिति २०८१/०७/१३ गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित गरिले छ।